# स्थानीय राजपत्र

**तानसेन नगरपालिकाद्वारा प्रकाशित**

खण्ड १) तानसेन, भदौ महिना २७ गते २०७४ साल (संख्या १)


भाग : १

तानसेन नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तानसेन नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत २०७४ सालको ऐन नं. १

ऐनको नाम : तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७४

**प्रस्तावना:**

तानसेन नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्ताव लाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, जरिवाना लगाउने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तानसेन नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम **"तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७४"** रहने छ ।

(२) यो ऐन तानसेन नगरपालिका क्षेत्र भित्र तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सम्पत्ति कर:** तानसेन नगरपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्तिकर लगाइने र असुल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत):** बक्यौता रकम असुल उपर गर्ने प्रयोजनको लागि तानसेन नगरपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) असुल उपर गरिने छ ।

४. **घर बहाल कर:** तानसेन नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम २ प्रतिशत बहालकर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर:**तानसेन नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

६. **सवारी कर:** तानसेन नगरपालिका क्षेत्रभित्र दर्ता भएका र दर्ता हुन आएका सवारी साधनमा अनुसूची (५) बमोजिम बार्षिक सवारी कर लगाइने र असुल उपर गरिने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन कर:** तानसेन नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय प्रवर्द्धनको लागि हुने विज्ञापन सामाग्रीमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरञ्जन कर:** तानसेन नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **पटके सवारी कर:** तानसेन नगरपालिका क्षेत्रभित्र नगरपालिकाको आफ्नो लगानीमा बनेको र मर्मत संम्भार गरिएको सडकमा अनुसूची (८) बमोजिम पटके सवारी कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** तानसेन नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:** तानसेन नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने छ र असुल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुर :** तानसेन नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइने सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार सेवा शुल्क, दस्तुर कर लगाइने र असुल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित व्यहोरा बमोजिम हुनेछ

तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. **जग्गा प्लटिङ्ग:** नगरपालिकाले कानूनले तोके बमोजिमको प्रक्रिया पूरा गरी जग्गा प्लटिङ्ग गर्दा लाग्ने शुल्क अनुसूची (१३) बमोजिम हुनेछ । साथै नगरपालिकाले प्रक्रिया पूरा गरी जग्गा प्लटिङ्गको परमिट तथा घडेरी खार्ने तथा पुर्ने अनुमति प्रदान गर्ने शुल्क समेत सोही अनुसूची बमोजिम हुनेछ ।

१५. **नक्सा पास सम्बन्धमा:** नगरपालिका क्षेत्रभित्र नक्सा पास गर्दा लाग्ने दस्तुर अनुसूची (१४) बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

१६. **सरसफाइ शुल्क:** नगरपालिका क्षेत्रभित्र सरसफाइ सेवा दिए वापतको सरसफाइ शुल्क अनुसूची (१५) बमोजिम लगाइने र असुल उपर गरिने छ ।

१७. **भाडा दस्तुर:** नगरपालिकाले दिने अन्य सेवाहरुको भाडा दर अनुसूची (१६) बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

१८. **दण्ड जरिवाना:** नगरपालिकाले स्वीकृत गरेको कानूनको उल्लंघन गर्ने व्यक्ति, वा संस्थालाई अनुसूची (१७) बमोजिम दण्ड वा जरिवाना गरिनेछ ।

१९. **सूचिकृत शुल्क:** नगरपालिका क्षेत्रभित्र कार्य क्षेत्र बनाइ वा कार्यालय राखी कार्यक्रम संचालन गर्ने गैर सरकारी संस्था एवं व्यवसायिक संस्थाहरुलाई स्काभेटर, भ्याकुलोडर जस्ता उपकरणको लागि अनुसूची (१८) बमोजिम बार्षिक सूचिकृत शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२०. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि तानसेन नगरपालिकाले तोके अनुसार हुनेछ ।

२१. **नक्सापास दस्तुर छुट:** भूकम्पबाट प्रभावित रातो कार्ड प्राप्त लाभग्राहीलाई नक्सापास दस्तुर छुट दिइनेछ ।

२२. **अन्य:** यस ऐनमा उल्लेख नभएका कुराहरु नगरकार्यपालिकाको बैठकको निर्णय एवं प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची-१
## एकीकृत सम्पत्ति कर

**१. एकीकृत सम्पत्ति कर मूल्याङ्कन दर**

तानसेन नगरपालिका क्षेत्र भित्र लिइदै आएको एकीकृत सम्पत्ति करमा जिल्ला मालपोत कार्यालयको आ.व. २०७३/०७४ को न्यूनतम् रजिष्ट्रेशन मूल्याङ्कनको ७५ प्रतिशत हुनेगरी आगामी आ.व. २०७४/०७५ को लागि एकीकृत सम्पत्ति कर मूल्याङ्कनमा देहाय बमोजिम दर कायम गरिएको छ ।

**जग्गा मुल्याङ्कन दररेट**

| सि.नं. | क्षेत्र | प्रति रोपनी रु. |
|---|---|---|
| | **क वर्गका जग्गाहरु** | १,१४,००,००० |
| १ | ता.न.पा.-६ रेडक्रस ग्यारेज देखि पूर्व बसपार्क हुदै पन्थीटोल झर्ने सिढी सम्म, बसपार्क देखि उत्तर आन्दोलनचोक हुँदै पश्चिम तल्लो पेट्रोल पम्प झर्ने सिढी सम्म | |
| २ | आन्दोलन चोक देखि भीमससेनटोल हुँदै देववाणी स्कूल पछाडिको मेहलधारा जाने बाटो सम्म | |
| ३ | आन्दोलन चोक देखि उत्तर एभरेष्ट दाँत उपचार केन्द्र सम्म | |
| ४ | ता.न.पा. ३ शीतलपाटी देखि भगवती मन्दिर तर्फ जे.भि.टी. निस्कने साघुरो ठाडो गल्ली सम्म शीतलपाटी देखि पश्चिम जे.भि.टी. स्कुल चोक (पुरानो नापी कार्यालय जाने चोक) सम्म, शीतलपाटी देखि पूर्व असन साघुरो गल्ली (छेडी), दक्षिण मखनटोल, सिल्खानटोल, विशालबजार, जनस्वास्थ्य कार्यालय हुँदै एमाले पार्टी कार्यालय जाने बाटो सम्म र पश्चिम माइती नेपाल रहेको घर सम्म मूल सडकसँग जोडिएका जग्गाहरु | |
| | **ख वर्गमा पर्ने जग्गाहरु** | ७८,००,००० |
| १ | बर्तुङ्ग चौराहा क्षेत्र पूर्व राम्दीतर्फ जाने सडकको सडक विभाग कार्यालयसम्म र दक्षिण सडक विभागको गोदामसम्म उत्तर पश्चिम दुर्गा राईस मिल सम्म र विद्युत ट्रान्सफर्मर सम्म सडक संग जोडिएका जग्गाहरु । | |

| | | |
|---|---|---|
| २ | ता.न.पा. ४ रेडक्रस ग्यारेज देखि कृषि कार्यालय झर्ने चोक सम्मका सडकसँग जोडिने जग्गाहरु । | |
| ३ | ता.न.पा. ६ तल्लोपेट्रोल पम्म झर्ने बाटो देखि पश्चिम एमाले पार्टी कार्यालय जाने चोक सम्मका सडकसँग जोडिने जग्गाहरु । | |
| ४ | हुलाक कार्यालय अगाडी मेडिकल देखि तल एभरेष्ट दाँत उपचार केन्द्र सम्मका सडकसँग जोडिने जग्गाहरु । | |
| ५ | असन छेडी देखि नारायणस्थान चोकसम्मका ठाडो बाटोसँग जोडिने जग्गाहरु | |
| ६ | ता.न.पा. २ देववाणी स्कुल छेउको मेहल्धारा निस्कने चोक देखि मिसन सडक वेथल वोर्डिङ जाने बाटो सम्म सडकसँग जोडिने जग्गाहरु | |
| ७ | शीतलपाटी देखि उत्तर ठाडो गल्ली र सो पश्चिम राजेन्द्र गोविन्दको गेट अगाडी चोक र पूर्व तर्फ जेनिथ निवास सम्म मूल सडकसँग जोडिने जग्गाहरु | |
| | **ग वर्गका जग्गाहरु** | **५१,००,०००** |
| १ | टक्सार रिडीचोक देखि निशानधारा र रिडीचोक देखि भगवती मन्दिर नजिकको नापी शाखा निस्कने साघुरो गल्ली सम्म सडकसँग जोडिने जग्गाहरु | |
| २ | जे.भी.टी. स्कूल चोक देखि नापी शाखा र जे.भि.टी. उत्तर हुँदै श्रीनगर चक्रपथ सम्मका सडकसँग जोडिने जग्गाहरु | |
| ३ | एभरेष्ट दाँत उपचार केन्द्र देखि ने.का. पार्टी कार्यालय हुँदै मट्टितेल डिलरसम्म बाटोको दायाँवायाँ जोडिने जग्गाहरु | |
| ४ | सिल्खानटोल, विशालबजार क्षेत्रका भित्री जग्गाहरु र सरकारी वकिल कार्यालय आसपासका जग्गाहरु, र रेडक्रस एम्बुलेन्स देखि घरेलु कार्यालय सम्मका बाटोसँग जोडिने जग्गाहरु | |
| ५ | मेहल्धारा क्षेत्रका पि.सि.सि.मोटर बाटोसँग जोडिने घडेरी जग्गाहरु | |
| ६ | भगवतीटोल जेनिथ निवास देखि शिव मन्दिर चोकसम्मका जग्गाहरु | |

| | | |
|---|---|---|
| ७ | रिडी सडक देखि एमाले पार्टी कार्यालय हुँदै गाडी जाने ठाउँ सम्म र पेट्रोल पम्प देखि जिल्ला अस्पतालसम्म | |
| ८ | पन्थीटोल झर्ने बाटो देखि पूर्व व्यारेक गेटसम्मका जग्गाहरु | |
| ९ | वेथल वोर्डिङ झर्ने बाटो देखि पूर्व वडा नं. १ को सिमाना सम्मका जग्गाहरु | |
| १० | टक्सार माइती नेपाल रहेको भवन देखि पश्चिम विद्युत ट्रान्सफर्मर सम्म मूल सडकसँग जोडिने जग्गाहरु | |
| ११ | जे.भि.टी. स्कुल चोक देखि पश्चिम बसन्तपुर भीमसेन मन्दिर सम्मका मूल सडकसँग जोडिने जग्गाहरु | |
| १२ | वेथल वोर्डिङ जाने मोटरबाटो हुँदै आयुर्वेद औषधालय हुँदै वडा नं. १ को सिमानाको मोटर सम्म बाटोसँग जोडिने घडेरी जग्गाहरु | |
| | **घ वर्गका जग्गाहरु** | ४२,००,००० |
| १ | मिसन सडकको ता.न.पा. २ को सिमाना देखि मिसन अस्पताल सम्म भीर पहरो बाहेक सडकसँग जोडिने जग्गाहरु | |
| २ | ठुटीपीपल शिवमन्दिर उत्तर हुँदै पाल्पा ईन्जिनियरिङ्ग कलेज हुँदै चक्रपथ र पप मा.वि. तलबाट मिशन अस्पतालको पानी टंकी हुँदै चक्रपथ र प.प. मा.वि. बाट गैरागाउँ हुँदै मिसन जाने बाटोको ता.न.पा. ३ को सिमाना सम्मको मोटरबाटो तथा प.प. मा.वि. तलबाट असन छेडी सम्म मोटरबाटो सम्म जोडिने जग्गाहरु | |
| ३ | बसन्तपुर भीमसेन मन्दिर देखि तल्लो बाटो बतासेडाँडा जाने र माथिल्लो बाटो कैलाशनगर हुदै श्रीनगर होटलसम्म र जे.भि.टी. उत्तर आँखा अस्पताल जाने चोक देखि सेन्ट कपितानियो हुँदै मंगल सरको घर हुँदै श्रीनगर जाने चोकसम्म सडकसँग जोडिने जग्गाहरु | |
| ४ | भित्री भागका जग्गाहरु टक्सार क्षेत्र, त्रि.वि. क्याम्पस पछाडिको क्षेत्र (मकैवारी), सिल्खानटोल, | |

| | | |
|---|---|---|
| | लहरेपीपल उत्तर ह्वाईटलेक होटल क्षेत्र, बडिङ्गानटोल, को.ले.नि.का. आसपास, ता.न.पा. २ क्षेत्र, महेन्द्रवोधि आसपास, जिल्ला अस्पताल आसपास क्षेत्रका जग्गाहरु | |
| ५ | बारुदखान घरेलु कार्यालय जानेबाटो दक्षिण कारागार जाने बाटो र भू-संरक्षण कार्यालय जाने चोक सम्मका र चोक देखि भू-संरक्षण झर्ने डिल सम्मका मोटरबाटोसँग जोडिने भीर पहरो बाहेकका घडेरी जग्गाहरु | |
| | **ङ वर्गमा पर्ने जग्गाहरु** | २८,८०,००० |
| १ | होलाङदी घुम्ती देखि पूर्व वागवानी हुँदै काजीपौवा धोवीधारा देखि वर्तुङ चौराहा विद्युत ट्रान्सफर्मर सम्म सडकसँग जोडिने जग्गाहरु | |
| २ | बारुदखान घरेलु कार्यालय देखि पूर्वतर्फका भित्री भागका घडेरी जग्गाहरु | |
| ३ | ता.न.पा. ३ शिवमन्दिर उत्तर र पूर्व प.प. मा.वि. आसपासमा पर्ने भित्री भागका घडेरी जग्गाहरु | |
| ४ | कृषि कार्यालय देखि पशु कार्यालय झर्ने बाटो वरिपरिका जग्गाहरु | |
| ५ | शिवमन्दिर पूर्व ता.न.पा. ३ को सिमाना देखि पूर्व गैरागाउँ हुँदै मिसन अस्पताल सम्म जाने मोटरबाटोसँग जोडिने र आयुर्वेद औषधालय तल ता.न.पा. २ को सिमाना देखि श्रीनगर कलेजको जग्गा हुँदै माथिल्लो बाटो (आपटारी हुँदै जाने बाटो) हाल ध्रुवघाट गैरागाउँ कालो पत्रे मोटर बाटो सँग जोडिने मोटर बाटोको घडेरी जग्गाहरु (तल्लो नयाँ बाटो बाहेक) | |
| | **च वर्गका जग्गाहरु** | २१,००,००० |
| १ | ता.न.पा. ३ मा पर्ने भित्री भागका घडेरी जग्गाहरु | |
| २ | ता.न.पा १ का मिसन अस्पताल जाने सडक देखि उत्तर दक्षिण तर्फका भीराला जग्गाहरु | |
| ३ | रिडी तम्घास सडकको विद्युत ट्रान्सफर्मर देखि अपू भिलेज सम्मका घडेरी जग्गाहरु | |

| | | |
|---|---|---|
| ४ | होलाङ्दि घुम्ती देखि वर्तुङ विद्युत ट्रान्सफर्मर सम्मका मूल सडकका भीराला जग्गाहरु | |
| ५ | बसपार्क देखि पन्थीटोल झर्नेबाटो हुँदै कारागार जाने मोटर बाटोसँग जोडिने जग्गाहरु | |
| ६ | घरेलु कार्यालय देखि उत्तर मूल सडक भन्दा दक्षिण भित्री भागका जग्गाहरु | |
| ७ | भित्री भागका जग्गाहरु (ता.न.पा.३ को सिमाना देखि गैरागाउँ हुँदै मिसन अस्पताल सम्म जाने मोटरबाटोसँग जोडिने र आयुर्वेद औषधालय तल ता.न.पा. २ को सिमाना देखि श्रीनगर कलेजको जग्गा हुदै माथिल्लो नयाँ मोटरबाटो (आँपटारी हुँदै जाने बाटो) हाल कालो पत्रे भएको बाटोसँग जोडिने मोटर बाटोको घडेरी जग्गाहरु) | |
| ८ | घरेलु कार्यालय दक्षिण पूर्व पशु कार्यालय पूर्व हुँदै भूसंरक्षण कार्यलय झर्ने मोटरबाटो र सो देखि पूर्व कारागार जाने मोटर बाटोको कारागार चोकसम्म र सो दक्षिण काजीपौवा निस्कने पुरानो गोरेटो बाटो देखि तल राजमार्गसम्म जोडिने बाहेक मोटरबाटोसँग जोडिने घडेरी जग्गाहरु | |
| ९ | बसपार्क तल गाइनेटोलका घडेरी जग्गाहरु | |
| १० | गौरीशंकर होटल चोक देखि होलाङदी झर्ने बाटोसँग जोडिने घडेरीयोग्य जग्गाहरु | २४००००० |
| ११ | लुम्बिनी मेडिकल कलेज देखि १५० मि. भन्दा बाहिर र ३०० मी. भित्रका घडेरी योग्य जग्गाहरु | २४००००० |
| | **छ वर्गका जग्गाहरु** | **१८,००,०००** |
| १ | वर्तुङ सडक कार्यालय देखि सिंचाइ कार्यालय सम्मका राजमार्गसँग जोडिने घडेरी जग्गाहरु | |
| २ | ता.न.पा. ५ कैलाशनगर क्षेत्रका भित्री भागका जग्गाहरु | |
| ३ | यशपाल शाक्यको घर छेउको चौपारी देखि होलाङदी झर्ने बाटोसँग जोडिने घडेरी जग्गाहरु | २४००००० |
| ४ | काजीपौवा दक्षिणपूर्व हुँदै तानसेन बहुमुखी क्याम्पसको पछाडि निर्माणाधीन घडेरी जग्गा र सो देखि पूर्व गोविन्द घिमिरेको घर, सो देखि | **१८,००,०००** |

| | | |
|---|---|---|
| | पुर्व भानुभक्त भट्टराईको घर, सो देखि पूर्व दयाराम पाण्डेको भाइको घर र सो देखि पूर्व वर्तुङको विद्युत ट्रान्सफर्मरसम्म र सो देखि पश्चिम राजमार्ग हुँदै काजी पौवा सम्मका राजमार्गसँग नजोडिने भित्री मोटरबाटो सँग जोडिने जग्गाहरु | |
| | **ज वर्गका जग्गाहरु** | १५,००,००० |
| १ | घरेलु कार्यालय दक्षिण पूर्व पशु कार्यालय पूर्व हुँदै भूसंरक्षण कार्यलय झर्ने मोटरबाटो र सो देखि पूर्व कारागार जाने मोटर बाटोको कारागार चोकसम्म र सो दक्षिण काजीपौवा निस्कने पुरानो गारेटो बाटो देखि तल राजमार्गसम्म जोडिने बाहेक कच्ची मोटरबाटोसँग जोडिने घडेरी जग्गाहरु | |
| २ | लुम्बिनी मेडिकल जाने मोटर बाटो र प्रभास क्षेत्रका राजमार्ग र सो देखि १५० मिटर आसपासमा पर्ने मोटरबाटोसँग जोडिने घडेरी जग्गाहरु | |
| ३ | ता.न.पा. वडा नं. ६ बसपार्क मुनि पन्थीटोल, कारागार क्षेत्र र कारागार पूर्व साविक वर्तुङ जैसी चौपारी सम्म र कारागार दक्षिण रागमार्गसँग नजोडिने घडेरी जग्गाहरु | |
| | **झ वर्गका जग्गाहरु** | १५,००,००० |
| १ | काजीपौवा दक्षिणपूर्व हुँदै तानसेन बहुमुखी क्याम्पसको पछाडि निर्माणाधीन घडेरी जग्गा र सो देखि पूर्व गोविन्द घिमिरेको घर, सो देखि पूर्व भानुभक्त भट्टराईको घर, सो देखि पूर्व दयाराम पाण्डेको जग्गा र सो देखि पूर्व वर्तुङको विद्युत ट्रान्सफर्मरसम्म र सो देखि पश्चिम राजमार्ग हुँदै काजी पौवा सम्मका राजमार्गसँग नजोडिने भित्री मोटरबाटोसँग जोडिने जग्गाहरु | |
| २ | ता.न.पा. वडा नं. ३, ४ र ५ मा पर्ने होलाङदी भागका जग्गाहरु र जिल्ला अस्पताल र एमाले पार्टी कार्यालय पछाडिका भीराला जग्गाहरु | |
| ३ | अमरगंज क्षेत्र र सो देखि तलका वरिपरिका जग्गाहरु | |

| | | |
|---|---|---|
| ४ | घरेलु कार्यालय देखि पूर्व कारागर तर्फका भीराला जग्गाहरु | |
| ५ | प्रभास क्षेत्रका अन्य घडेरी जग्गाहरु | |
| | **ञ वर्गका जग्गाहरु** | **८,४०,०००** |
| १ | साविक वर्तुङ ६, ८, ९ हाल ता.न.पा. १ मा पर्ने गोर्खेकोट, ओढारे, धूवघाट, आपटारीक्षेत्रका मोटरबाटोसँग जोडिने घडेरी योग्य जग्गाहरु | |
| २ | ता.न.पा. वडा नं. ७ मा पर्ने बासटारी क्षेत्रको घडेरी योग्य जग्गाहरु | **८,४०,०००** |
| ३ | बासटारी झडेवा सडकसँग जोडिने घडेरी योग्य जग्गाहरु | **१५,००,०००** |
| ४ | वर्तुङ चौराहा देखि बासटारी सम्म पर्ने प्रभास क्षेत्र बाहेक मूल सडकका दायाँवायाँ जोडिने घडेरी योग्य जग्गाहरु | ९,००,००० |
| ५ | साविक वर्तुङ तथा ता.न.पा. मा पर्ने जग्गाहरु मध्ये केही बञ्जर भीरोलो भई खेतीयोग्य पनि नहुने घडेरी योग्य पनि नभएको भनी ता.न.पा. यस कार्यालयमा एकीन प्रमाण ल्याई कार्यालयको ठहर भएमा त्यस्ता जग्गाहरु | ५०,००० |
| ६ | ता.न.पा. ५ को गाईखर्क क्षेत्रको जग्गाहरु | ३०,००० |
| | **खण्ड ट** | |
| १ | साविक वर्तुङ ६,८,९ हाल ता.न.पा. १ मिशन अस्पताल पूर्व गोर्खेकोट, धुर्वघाट ओडारे आपटारी क्षेत्र अन्तर्गतका पक्की मोटरबाटसँग जोडिएका घडेरी योग्य जग्गाहरु | १५००००० |
| २ | श्रीनगर ईन्टिग्रेटेड कलेजको जग्गा देखि आपटारी हुँदै भवन कार्यालय हुँदै राजमार्ग सम्मका र स्वामीको रुख सम्म निस्कने कच्ची मोटर बाटो सम्मका घडेरी योग्य जग्गाहरु | ८४०००० |
| ३ | धुवघाट ओडारे आपटारी क्षेत्रका भित्री मोटरबाटो सँग जोडिने ४ आना भन्दा कमका घडेरीहरु | ६००००० |
| ४ | प्रभास क्षेत्र बाहेक ३०० मी. पूर्व तर्फ कच्ची सडक संग जोडिने घडेरी योग्य जग्गाहरु | ३६०००० |
| ५ | काजीपौवा देखि वीसमुरे बुद्धनगर जाने मोटरबाटोसँग जोडिने समथर घडेरी जग्गाहरु | ४८०००० |

| | | |
|---|---|---|
| ६ | नयाँगाउँ देखि रक्साह हुँदै प्रभास सम्मका मोटरबाटोसँग जोडिने घडेरी योग्य जग्गाहरु | ३६०००० |
| ७ | कुन्सरे क्षेत्रको माडी रिङरोडसँग जोडिने घडेरी योग्य जग्गाहरु | ३००००० |
| ८ | काजीपौवा प्रा.वि. देखि प्रभास झर्ने मोटरबाटोसँग जोडिने घडेरीयोग्य जग्गाहरु | २४०००० |

साविक मदनपोखरा हाल ता.न.पा. वडा नं. ७ का खेतीयोग्य जग्गाहरु

| किसिम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | १३५००० | ११२५०० | ७५००० | ३७५०० |
| पाखो | ९०००० | ७५००० | ६०००० | २६२५० |

साविक बर्तुङ्ग गा.वि.स. हाल ता.न.पा.मा पर्ने राजमार्ग भन्दा दक्षिण पूर्व सडकसँग नजोडिने खेतीयोग्य जग्गाहरु प्रतिरोपनी

| किसिम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | १३५००० | ११२५०० | ७५००० | ३७५०० |
| पाखो | ९०००० | ७५००० | ५६२५० | २२५०० |

पहिला बन्दीपोखरा गा.वि.स. वडा नं. १, ४, ५, ९, साविक ता.न.पा. वडा नं. १२ र १३ हाल वडा नं. ५ मा पर्ने जग्गाको न्यूनतम बन्दीपोखरा गा. वि.स सरह हुनेछ ।

| किसिम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ४१२५० | ३७५०० | ३०००० | २१००० |
| पाखो | ३३७५० | ३०००० | २६२५० | १८७५० |

तर पहिला बन्दीपोखरा गा.वि.स. वडा नं. १, ४, ५, ९ साविक ता.न.पा. १२ र १३ हाल वडा नं. ५ मा पर्ने कालो पत्रे तथा होलाङदी ढुङ्गाखानी वाईपास सडकसँग जोडिएका घडेरीयोग्य जग्गाहरुको न्यूनतम प्रति आना रु.४१,२५०।- र भित्री मोटरबाटोसँग जोडिने जग्गाहरु प्रति आना ६६०००।-

पुनसंरचना पछि साविक गा.वि.स. हाल ता.न.पा. वडा नं. ८,९,१०,११,१२,१३ र १४ मा आ.व. २०७३/०७४ को मालपोत मूल्याङ्कनको ७५ प्रतिशतमा नघट्ने गरी स्वयं घोषणा वा मालपोत मूल्याङ्कनमा आउने न्यूनतम् अंङ्क नघट्ने गरी एकीकृत सम्पत्ति कर मूल्याङ्कन गरिने छ ।

**१.१ भौतिक संरचनाको मूल्याङ्कन**

भौतिक संरचनाको मूल्याङ्कन निर्देशिका बमोजिम निम्नानुसार मूल्याकंन गरिने छ ।

| सि.न. | वर्गीकरण प्रति वर्गफुट कोड | मूल्याङ्कन |
|---|---|---|
| १. | आर.सि.सि.फ्रेम स्टक्चर | रु.७१५।- |
| २. | सिमेन्ट जोडाइमा ईँट्टा वा ढुङ्गाको गाह्रो आर.सि.सि.छाना | रु.६६०।- |

३. सिमेन्ट जोडाइमा ईंट्टा वा ढुङ्गाको गाह्रो जस्ताको छाना रु.६०५।
४. माटो जोडाइमा ईंट्टा वा ढुङ्गाको गाह्रो आर.सि.सि.छाना रु.४९५। -
५. माटो जोडाइमा ईंट्टा वा ढुङ्गाको गाह्रो जस्ताको छाना रु.४४०। -
६. सिमेन्ट जोडाइमा ईंट्टा वा ढुङ्गाको गाह्रो टायलको छाना रु.३८५। -
७. माटो जोडाइमा ईंट्टा वा ढुङ्गाको गाह्रो टायलको छाना रु.२७५। -
८. ग्रामीण वडाका घरहरु रु.२२०। -
९. कच्ची घर, काँचो ईंट्टा वा माटोको गाह्रो बाँस वा काठको टाँटी झैं खर पराल र साधारण टिनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन । रु.००।-

## १.३ संरचना ह्रासकट्टी दर

निर्देशिकाको परिच्छेद ३ को ११.५ संग सम्बन्धित ढाँचामा ह्रासकट्टी दर निम्नानुसार कायम गरिएको छ ।

| संरचनाको किसिम/संरचनाको आयु | RCC | माटोको जोडाई र RCC छाना/सिमेन्टको जोडाई/जस्ताको छाना | माटोको जोडाई जस्ता/टायलको छाना | अस्थायी कच्ची घर |
|---|---|---|---|---|
| १ देखि ५ वर्ष | १० | १० | १५ | ३० |
| ६ देखि १० वर्ष | १३ | २० | २० | ४० |
| ११ देखि १५ वर्ष | १६ | २५ | ३५ | ४० |
| १६ देखि २० वर्ष | १९ | ३० | ४० | ४० |
| २१ देखि २५ वर्ष | २२ | ३५ | ४० | ४० |
| २६ देखि ३० वर्ष | २५ | ४० | ४० | ४० |
| ३१ देखि ३५ वर्ष | २८ | ४० | ४० | ४० |
| ३६ देखि ४० वर्ष | ३१ | ४० | ४० | ४० |
| ४१ देखि ४५ वर्ष | ३४ | ४० | ४० | ४० |
| ४६ देखि ५० वर्ष | ३७ | ४० | ४० | ४० |
| ५१ देखि ५५ वर्ष | ४० | ४० | ४० | ४० |
| ५५ वर्ष भन्दा माथि | ४० | ४० | ४० | ४० |

## १.४ एकीकृत सम्पत्तिकरको दर

जग्गा र भौतिक संरचनाको मूल्याङ्कन पछि कायम हुन आएको मूल्यमा देहाय बमोजिमको दरले एकीकृत सम्पत्ति कर लगाइने छ । साथै संशोधित स्थानीय स्वायत्त शासन नियमावलीको सातौं संशोधनले कायम गरे अनुरुप गर्ने व्यवस्था क्रमश मिलाइने छ ।

| सि.नं. | देखि | सम्म | कर |
|---|---|---|---|
| १ | रु. १ | १ लाख २५ हजार | २५।- |
| २ | १ लाख २५ हजार १ | २ लाख ५० हजार | ५०।- |

| | | | |
|---|---|---|---|
| ३ | २ लाख ५० हजार १ | ३ लाख ७५ हजार | ७५।- |
| ४ | ३ लाख ७५ हजार १ | ५ लाख | १००।- |
| ५ | ५ लाख १ | ६ लाख २५ हजार | १२५।- |
| ६ | ६ लाख २५ हजार १ | ७ लाख ५० हजार | १५०।- |
| ७ | ७ लाख ५० हजार १ | ८ लाख ७५ हजार | १७५।- |
| ८ | ८ लाख ७५ हजार १ | १० लाख | २००।- |
| ९ | १० लाख १ | १२ लाख ५० हजार | २५०।- |
| १० | १२ लाख ५० हजार १ | १५ लाख | ३००।- |
| ११ | १५ लाख १ | १७ लाख ५० हजार | ३५०।- |
| १२ | १७ लाख ५० हजार १ | २० लाख | ४००।- |
| १३ | २० लाख १ | २२लाख ५० हजार | ५००।- |
| १४ | २२ लाख ५० हजार १ | २५ लाख | ६५०।- |
| १५ | २५ लाख १ | २७ लाख ५० हजार | ८५०।- |
| १६ | २७ लाख ५० हजार १ | ३० लाख | १०००।- |
| १७ | ३० लाख १ | ३५ लाख | १२००।- |
| १८ | ३५ लाख १ | ४० लाख | १८००।- |
| १९ | ४० लाख १ | ४५ लाख | २४००।- |
| २० | ४५ लाख १ | ५० लाख | ३०००।- |
| २१ | ५० लाख १ | ६२ लाख ५० हजार | ३५००।- |
| २२ | ६२ लाख ५० हजार १ | ७५ लाख | ५५००।- |
| २३ | ७५ लाख १ | ८७ लाख ५० हजार | ७५००।- |
| २४ | ८७ लाख ५० हजार १ | ९० लाख | ८५००।- |
| २५ | ९० लाख १ | १ करोड | १००००।- |
| २६ | १ करोड १ | १ करोड २५ लाख | १२०००।- |
| २७ | १ करोड २५ लाख १ | १ करोड ५० लाख | १४५००।- |
| २८ | १ करोड ५० लाख १ | १ करोड ७५ लाख | १७०००।- |
| २९ | १ करोड ७५ लाख १ | २ करोड | २००००।- |
| ३० | २ करोड १ | २ करोड २५ लाख | २५०००।- |
| ३१ | २ करोड २५ लाख १ | २ करोड ५० लाख | ३००००।- |
| ३२ | २ करोड ५० लाख १ | ३ करोड | ३५०००।- |
| ३३ | ३ करोड १ | ३ करोड ५० लाख | ४००००।- |
| ३४ | ३ करोड ५० लाख १ | ४ करोड | ४५०००।- |
| ३५ | ४ करोड १ | ४ करोड ५० लाख | ५००००।- |

| | | | |
|---|---|---|---|
| ३६ | ४ करोड ५० लाख १ | ५ करोड | ६००००।- |
| ३७ | ५ करोड १ देखि माथी प्रति हजार | | रु. २।- |

**१.५. एकीकृत सम्पत्ति करको जरिवाना तथा छुटको व्यवस्था**

१. चालू आर्थिक वर्षको कर सोही वर्षको पौष मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट दिइने छ ।

२. वक्यौता कर भुक्तानी गर्दा देहाय अनुसार जरिवाना लाग्नेछ ।
   क. एक वर्षको वक्यौतामा सो को २०% ले हुन आउने रकम ।
   ख. एक वर्ष भन्दा वढीको बक्यौतामा प्रतिवर्ष ३०% ले हुन आउने रकम ।

३. पाँच वर्षसम्म एकीकृत सम्पत्ति कर भुक्तानी नगर्ने करदाताका नाममा रहेको घरजग्गा रजिष्ट्रेशन रोक्का राख्ने कारवाही गरिनेछ ।

४. घरजग्गा रोक्का राखेको दश वर्षसम्म पनि करदाताले कर चुक्ता नगरेमा सम्वन्धित करदाताको सम्पत्ति प्रचलित कानून बमोजिम लिलाम विक्री गरी कर तथा जरिवाना असुल उपर गर्न सकिनेछ ।

५. एकीकृत सम्पत्तिकर वक्यौता राख्ने करदातालाई नगरपालिकाले उपलव्ध गराउँदै आएको आकस्मिक वाहेकका अन्य सेवा र सुविधा वन्द गरिनेछ ।

६. एकीकृत सम्पत्तिकर उपशाखावाट कर चुक्ता भएको प्रमाण पेश नगरेसम्म नगरपालिकावाट नयाँ सेवा तथा सुविधाहरु उपलव्ध गराइने छैन ।

७. अन्य सम्पूर्ण कर र बक्यौता समेत असुल गरेर मात्र एकीकृत सम्पत्ति कर असुल उपर गरिनेछ ।

**१.६ स्वयं घोषणा दर**

१. कुनै करदाताले नगरपालिकाले गरेको मूल्याङ्कनमा चित्त नबुझी मूल्याङ्कन बढाएर कर तिर्न चाहेमा आफ्नो सम्पत्तिको स्वयं घोषणा गरी कर तिर्न सक्नेछ, तर न.पा.ले गरेको मूल्याङ्कन भन्दा न्यून मूल्याङ्कन गरी सम्पत्ति घोषणा गर्न पाइने छैन

२. बैदेशिक अध्ययन र ऋण लिने प्रयोजनका लागि गरिएको सम्पत्ति मूल्याङ्कनलाई एकीकृत सम्पत्ति कर असुली प्रक्रियामा समावेश गरिने छैन ।

## अनुसूची-२
## मालपोत तथा भूमि कर

तानसेन नगरपालिका क्षेत्र भित्र एकीकृत सम्पत्तिकर लागु भईसकेकोले बक्यौता, मालपोत तथा भूमि कर देहाय बमोजिम लगाइ असुल उपर गरिनेछ ।

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | साविक तानसेन नगरपालिका क्षेत्रभित्रका लाई बाँकी रहेको बक्यौता मालपोत प्रतिरोपनी र शतप्रतिशत जरिवाना | रु. २५।- |
| २ | वडा नं. १ र ५ को बराङदी, ८, ९, १०, ११, १२, १३ र १४ को मालपोत असुली वक्यौता ग्रामीण क्षेत्रको लागि प्रतिरोपनी र ३० प्रतिशत जरिवाना | रु. १०।- |

**अनुसूची-३**
**बहाल कर**
**(२ प्रतिशत वहाल कर)**

नगर क्षेत्र भित्र कसैले कुनै घर, पसलघर, ग्यारेज, टहरा गोदाम छुप्पर कारखाना खाली जग्गा पूर्ण रुपमा वा आंशिक रुपमा वहालमा दिइएकोमा नगरपालिकाले बार्षिक वहाल रकमको २% ले बहालकर वापत असुल गरिने छ । २ प्रतिशत बहाल करको मूल्याङ्कन गर्दा न्यूनतम निम्नानुसार भाडा रकम कायम गर्ने :

१. सटर/व्यवसायिक

| | |
|---|---|
| मुख्य बजार क्षेत्र, भुसलडाँडा, मासिक प्रति सटर | रु.५०००।- |
| सडकसँग जोडिने सहायक बजार क्षेत्र, बर्तुङ्ग, प्रभास, बासटारी मासिक | रु.३०००।- |
| दमकडा, अर्गली, डुम्रे बजार क्षेत्र मासिक | रु.१५००।- |
| भित्री सडक मासिक | रु.१५००।- |

२. आवाशीय

| | |
|---|---|
| मुख्य बजार क्षेत्र भुसालडाँडा, प्रभास समेत प्रति कोठा | रु.१०००।- |
| दमकडा, डुम्रे, अर्गली, बासटारी | रु.५००।- |

## अनुसूची-४
## व्यवसाय कर

स्थानीय स्वायत्त शासन ऐन नियमावली अनुसार यस आ.व. २०७४/०७५ को लागि तपसिलका व्यावसायमा कर लगाइ असुल उपर गरिनेछ ।

| क्र.स. | सेवाको विवरण | करका दर | कैफियत |
|---|---|---|---|
| **१.** | **व्यापारिक बस्तु** | | |
| **१.१** | **कपडा पसल** | | |
| क. | साना खुद्रा विक्री गर्ने | ९२५ | |
| ख. | खुद्रा विक्री गर्ने | १५४० | |
| ग. | थोक खुद्रा विक्री गर्ने | २३३० | |
| घ | सिरक डसना, खोल, साना पसल आदि | १५४० | |
| ङ. | सिरक डसना, खोल, कार्पेट आदि | २५४० | |
| च. | स्वदेशी कपडा खुद्रा विक्री | ९२५ | |
| छ. | ढाका कपडा खुद्रा विक्री | १२३० | |
| ज. | ढाका सोरुम तथा थोक विक्री | २२०० | |
| **१.२** | **किराना पसल र प्रोभिजन पसल** | | |
| क. | साना किराना पसल/टंकी व्यवसाय | ५६० | |
| ख. | किराना पसल | ८३५ | |
| ग. | थोक खुद्रा किराना पसल | २००० | |
| ङ | प्रोभिजन पसल | १६०० | |
| **१.३** | **फेन्सी पसल** | | |
| क | साधारण | ७७० | |
| ख. | विदेशी सामान सहित | ९२५ | |
| ग. | कुर्था सलवार विक्री समेत | १५०० | |
| घ | जुत्ता चप्पल, झोला सहित | १८०० | |
| **१.४** | **हजाम तथा व्यूटीपार्लर** | | |
| क | २ सिट सम्म हजाम | ६१५ | |
| ख. | ४ सिट सम्म हजाम | १००० | |
| ग. | ४ सिट भन्दा माथि हजाम | १५०० | |
| घ | व्यूटीपार्लर मात्र | १३५० | |
| ङ. | व्यूटीपार्लर तालिम समेत | १८०० | |
| च | सावना | १००० | |
| **१.५** | **गहना पसल** | | |

| | | | |
|---|---|---|---|
| क. | सुनचांदीको साना पसल | २००० | |
| ख. | सुनचांदीको ठूला पसल | ३००० | |
| घ. | नक्कली गहना पसल | १५०० | |
| ङ | गहना बनाउने कालिगढ | १००० | |
| **१.६** | **भाडा पसल** | | |
| क | उत्पादन र विक्री गर्ने | ९२५ | |
| ख. | खुद्रा विक्री | ९२५ | |
| ग. | थोक तथा खुद्रा पसल | १५०० | |
| घ | माटाको भाडा पसल | ३०० | |
| ङ. | प्लाष्टिक भाडा पसल | १२०० | |
| च. | किचन हाउस जस्ता मिश्रित सामान | १८०० | |
| छ | प्लाष्टिक अन्य सामान विक्री | १८०० | |
| **१.७** | **औषधि पसल** | | |
| क | मेडिकल | १५०० | |
| ख. | मेडिकल क्लिनिक सहित | २००० | |
| ग. | आयुर्वेदिक औषधि पसल | १००० | |
| **१.८** | **सिलाइ/टेलरिङ्ग पसल** | | |
| क | २ कल सम्म | ५६० | |
| ख. | २ देखि ५ कल सम्म | ७७० | |
| ग. | ५ कल देखि माथि | ९२५ | |
| घ | सिलाइ तथा कपडा विक्री | १५०० | |
| **१.९** | **दैनिक उपभोग्य वस्तुको थोक विक्री** | | |
| क | दैनिक सबै उपभोग्य वस्तुको थोक विक्री | २५०० | |
| ख. | चामल, चिउरा, दाल, तेल, प्याज आदि | १५४० | |
| ग. | चामल, चिउरा दाल आदि | ११५५ | |
| **१.१०** | **इलेक्ट्रोनिक सामान विक्री** | | |
| क. | इलेक्ट्रोनिक सामान थोक विक्री/डिलर | ३००० | |
| ख. | इलेक्ट्रोनिक सामान खुद्रा विक्री | १५०० | |
| ग. | मोबाइल मर्मत | ११५५ | |
| घ | मोबाइल विक्री | २००० | |
| ङ | मोबाइल विक्री तथा मर्मत | २५०० | |
| च. | घडी विक्री तथा मर्मत | १००० | |

| | | | |
|---|---|---|---|
| छ. | कम्प्युटर तथा कम्युटर सामान विक्री तथा मर्मत | २५०० | |
| ज. | कम्प्युटर सफ्टवेयर तयार गर्ने कम्पनी | ६०५० | |
| **१.११** | **विद्युत सामान विक्री पसल** | | |
| क. | थोक विक्री गर्ने | १३०० | |
| ख. | खुद्रा विक्री गर्ने | १००० | |
| ग. | थोक खुद्रा विक्री गर्ने | १५०० | |
| **१.१२** | **फलफूल तरकारीमा** | | |
| क | थोक/आपुर्तीकर्ता | ११५५ | |
| ख. | दर्ता नभएकाको हकमा प्रति पटक ( तरकारी/फलफूल/अण्डा) | १०० | |
| ग. | खुद्रा विक्री | ७०० | |
| घ. | खुद्रा विक्री किराना समेत | ९२५ | |
| **१.१३** | **फोटो ग्राफर/फोटो व्यवसाय** | | |
| क | फोटो खिच्नेमात्र (स्टुडियो) | ९२५ | |
| ख | फोटो खिच्ने र अन्य सामान विक्री | १५४० | |
| ग. | फोटो फ्रेम, शिसा, पोष्टर, पोष्टकार्ड आदि | १५९५ | |
| घ | भिडियो तथा फोटो खिच्ने | १६५० | |
| च. | कलर ल्याब | २००० | |
| **१.१४** | **पुस्तक पसल तथा स्टेशनरी** | | |
| क | किताव कपि/पत्रपत्रिका विक्री | १००० | |
| ख | स्टेशनरी तथा खेलकुद सामान | १८०० | |
| ग | खेलकुद सामाग्री/जीम तथा अन्य | २००० | |
| **१.१५** | **माछा मासु पसल** | | |
| क | खसीको मासु मात्र विक्री | १००० | |
| ख | कूखूराको मासु मात्र विक्री | १००० | |
| ग | बंगूरको मासु मात्र विक्री | १००० | |
| घ | रागाको मासु मात्र विक्री | १००० | |
| ङ | माछा मात्र | १००० | |
| च | सबै माछा मासु विक्री गर्ने | १५०० | |
| **१.१६** | **फर्निचर सोरुम** | | |
| क | स्टील काठ फर्निचर, कार्पेट, अन्य | १८०० | |

| | | | |
|---|---|---|---|
| | सजावट विक्रेता | | |
| ख | आल्मूनियम फर्निचर विक्रेता | १६०० | |
| ग. | प्लाष्टिक फर्निचर, कार्पेट, अन्य सजावट सामान विक्रेता | १८०० | |
| घ | प्लोरिङ तथा फर्निसिङ | १८०० | |
| **१.१७** | **काष्ठ व्यवसाय** | | |
| क | स मिल काठ चिर्ने | १२०० | |
| ख | काठ चिरान गरी खरिद विक्री | १५०० | |
| ग | काठ चिरान गरी खरिद विक्रीका साथै फर्निचर उत्पादन | २००० | |
| **१.१८** | **मोटर पार्टस** | | |
| क | थोक विक्री गर्ने | २००० | |
| ख | खूद्रा विक्री गर्ने | १५०० | |
| **१.१९** | **सवारी साधन विक्री** | | |
| क. | लाइट गाडी सो रुम तथा विक्री | ४००० | |
| ख. | हेभी गाडी सो रुम तथा विक्री | ५००० | |
| ग. | मोटरसाइकल सो रुम तथा वर्कसप | ४००० | |
| घ. | रिकन्डीसन मोटर साइकल सो रुम | २५०० | |
| ङ. | साइकल विक्री | १६५० | |
| च. | साइकल भाडामा खेलाउने | ७७० | |
| **१.२०** | **हार्डवेयर सामान पसल** | | |
| क. | हार्डवेयर खुद्रा विक्री गर्ने | १२७० | |
| ख. | हार्डवेयर थोक विक्री गर्ने | १७०० | |
| ग. | हार्डवेयर लगायत उल्लेखित सबै सामान कलर सहित | २५०० | |
| घ | मार्वल, चिप्स आदि | २००० | |
| ङ. | सिसा तथा प्लाइउड सामान | २००० | |
| च. | गिट्टी, वालुवा, ढुङ्गा, ईट्टा सप्लायर्स | २५०० | |
| **१.२१** | **श्रृङ्गार तथा उपहार सामान** | | |
| क | थोक विक्री | १५४० | |
| ख | खुद्रा विक्री | ९२५ | |
| ग | खेलौना उपहार गिफ्ट पसल | ११५५ | |
| **१.२२** | **मदिरा तथा पेय पद्धार्थ पसल** | | |

| | | | |
|---|---|---|---|
| क. | मदिरा खुद्रा विक्री पसल | १३३० | |
| ख. | मदिरा थोक पसल | १७७० | |
| ग. | मदिरा थोक/खुद्रा/पेय पसल | २६५० | |
| घ | पेय पद्धार्थ (मदिरा बाहेक) | १०२५ | |
| **१.२३** | **आयल निगम/पेट्रोल पम्प** | | |
| क. | १ मात्र पम्प/कारोबार | ४००० | |
| ख. | २ वा दुई भन्दा बढी पम्प | ५००० | |
| ग. | मट्टितेल डिपो | १५४० | |
| **१.२४** | **साउण्ड सिस्टम भाडा तथा विक्री** | **११००** | |
| **१.२५** | **सौर्य उर्जा तथा सोलार** | **३०६५** | |
| **१.२६** | **उनी धागो विक्रेता** | **९२५** | |
| **१.२७** | **बायो उर्जा** | **१२००** | |
| **१.२८** | पूजा सामाग्री पसल/ज्योतिष शास्त्र | १००० | |
| **१.२९** | चस्मा विक्री तथा मर्मत | २००० | |
| **१.३०** | पशु आहारा तथा औषधि (एग्रोभेट) | १५०० | |
| **१.३१** | पर्यटन सामान विक्री (ह्याण्डीक्राफ्ट) | ११५५ | |
| **२.** | **मर्मत संभार सेवा** | | |
| क | हावा भर्ने पन्चर टाल्ने | १००० | |
| ख | मोटर साईकल मर्मत वर्कशप | १५०० | |
| ग | सवारी साधन धुने सेवा | १००० | |
| घ | हेभि मोटर गाडी वोडी मर्मत | ३००० | |
| ङ | हलका मोटर गाडी वोडी मर्मत | २००० | |
| च | रेडियो घडी मर्मत | ७७० | |
| छ | लुगा सिलाउने मेशिन मर्मत | ५६० | |
| ज | स्टोभ, छाता, प्रेसर कुकर, ग्यास चुल्हो मर्मत | १००० | |
| झ | रेफ्रिजेरेटर, हिटर, पंखा टान्सफर्मर तथा अन्य ईलेक्ट्रोनिक सामानहरु मर्मत | १००० | |
| **३.** | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| **क** | **ईन्जिनियरीङ कन्सल्टेन्सीमा** | | |
| | १. ओभरसियर | १८२० | |
| | २. ईन्जीनियर | २५३० | |
| | ३. प्रोपाईटर सिप फर्म | १७०० | |

| | | | |
|---|---|---|---|
| | ४. साझेदारी सिप फर्म | २४०० | |
| **ख** | **कानूनी सेवा व्यवसायमा** | | |
| | १. लेखापढी व्यवसाय | १००० | |
| | २. अभिबक्ता कानून व्यवसाय | १२०० | |
| | ३. अधिबक्ता कानून व्यवसाय | १६०० | |
| **ग.** | **लेखा परीक्षक** | | |
| | क श्रेणीको अडिटरमा | २२०० | |
| | ख श्रेणीको अडिटरमा | १६५० | |
| | ग र घ श्रेणीको अडिटर | ११०० | |
| **घ** | विमा एजेन्ट | १६५० | |
| **ङ** | सर्भेयर | ११५५ | |
| **च** | अनुवादक | ११५५ | |
| **छ** | सबै प्रकारको कन्सलटेन्सी | २७५० | |
| **ज** | वेभ साइट र प्रोग्रामर डिजाइनर | २३०० | |
| **झ** | सामान ढुवानी ट्रान्सपोर्ट व्यवसाय | १५४० | |
| **ञ** | **कपडा धुलाई** | | |
| | क. साधारण पसल | ८५० | |
| | ख. लाउण्ड्री सेवा | ९२५ | |
| **ट** | **साईनवोर्ड लेख्ने** | | |
| | क. साईनवोर्ड ब्लक र चित्र बनाउने | ११५५ | |
| | ख. कपडामा व्यानर बनाउने | ११५५ | |
| | ग. प्लाष्टिक टूल व्यानर बनाउने (फ्लेक्स बोर्ड) | १७०० | |
| **ठ** | **पार्टी प्यालेस र क्याटरिङ** | ३००० | |
| | **क्याटरिङ मात्र** | १६५० | |
| ४ | **अन्य सेवा** | | |
| क | बैदेशिक रोजगार सेवा | ८००० | |
| ख | हाउजिङ्ग घर जग्गा खरिद बिक्री | १०००० | |
| ग. | फूल विरुवा विक्रेता नर्सरी | ७७० | |
| घ. | भेटेनरी सर्भिस | ७७० | |
| **च** | **डिपार्टमेन्टल/सुपर मार्केट** | | |
| | क. डिपार्टमेन्टल स्टोर्स | २००० | |
| | ख. सुविधा सम्पन्न | ५००० | |

| | | | |
|---|---|---|---|
| ठ | पान पसल | ५६० | |
| ५. | **उद्योग व्यवसाय** | | |
| क | **उत्पादन मूलक उद्योग** | | |
| | रु. १ लाख सम्मको चालू पुँजी भएको | १७३० | |
| | रु. १ लाख २ लाख सम्म चालू पुँजी भएको | १९६० | |
| | रु. २ लाख देखि ३ लाख सम्म चालू पुँजी भएको | २३०० | |
| | रु. ३ लाख देखि ५ लाख सम्मको चालू पुँजी भएको | २८९० | |
| | रु. ५ लाख देखि १० लाख सम्मको चालू पुंजी भएको | ३५८० | |
| | रु. १० लाख देखि २५ लाख सम्मको चालू पुँजी भएको | ४६०० | |
| | रु. २५ लाख देखि माथि चालू पुँजी भएको | ६३५० | |
| | बोरिङ कम्पनी, पानी विक्रेता | २००० | |
| | आईस्क्रीम उद्योग | | |
| ख | **कृषि तथा वन जन्य उद्योग व्यवसायमा** | | |
| | रु. १ लाख सम्मको चालू पुँजी भएको | १७३० | |
| | रु. १ लाख २ लाख सम्म चालू पुँजी भएको | १९६० | |
| | रु. २ लाख देखि ३ लाख सम्म चालू पुँजी भएको | २३०० | |
| | रु. ३ लाख देखि ५ लाख सम्मको चालू पुँजी भएको | २८९० | |
| | रु. ५ लाख देखि १० लाख सम्मको चालू पुँजी भएको | ३७०० | |
| | रु. १० लाख देखि २५ लाख सम्मको चालू पुँजी भएको | ४८५० | |
| | रु. २५ लाख देखि माथि चालू पुँजी भएको | ६३५० | |
| | गाई, भैसी, बंगूर, बाखा पालन | १२०० | |
| | पोल्ट्री फर्म १५०० सम्म चल्ला भएको | १००० | |

| | | | |
|---|---|---|---|
| | १५०१ देखि ३००० सम्म चल्ला भएको | १५०० | |
| | ३००० देखि माथि | २५०० | |
| | ह्याचरी | ६००० | |
| **ग** | **पर्यटन उद्योग** | | |
| | **तारे होटल** | | |
| | एकतारे होटल | ६०५० | |
| | दुई तारे होटल | ११००० | |
| | तीन तारे होटल | १७६०० | |
| | चारे तारे होटल | २४२०० | |
| | पाँच तारे होटल | ३०००० | |
| **घ** | **ट्रेकिङ, ट्राभल एजेन्सी, टिकट रिजर्भेसन** | १६९५ | |
| **ङ** | **पाराग्लाइडिङ्ग** | १५४० | |
| **च** | **होटल, लज, गेष्ट हाउस** | | |
| | नियमित खाना (होम स्टे समेत) | ११५५ | |
| | १ बेड देखि १५ सम्मकोलाई | १६७५ | |
| | १६ बेड देखि २५ सम्मकोलाई | २४२० | |
| | सो भन्दा माथिको | ५४६० | |
| **छ** | रेष्टूरेण्ट आदि व्यवसाय | | |
| | फास्टफूड रेष्टूरेण्ट तथा साधारण चिया पसल | ९७० | |
| | शाकाहारी रेष्टुरेण्ट मिठाई पसल समेत | ९७० | |
| | मांशाहारी तथा मदिरा समेत | १२१० | |
| ६. | **सेवा उद्योग** | | |
| क | छापाखाना, मुद्रणालय | १२१० | |
| ख | चलचित्र व्यवसाय | २५२० | |
| ग | चलचित्र/श्रव्यदृश्य उत्पादन Production house | २५०० | |
| घ | शीत भण्डार (कोल्ड स्टोरेज) | ५००० | |
| **ङ** | **मिल** | | |
| | क. कुटानी पिसानी पेलानी मध्ये एक काम गर्ने | १००० | |

| | | | |
|---|---|---|---|
| | ख. कुटानी पिसानी पेलानी मध्ये एक भन्दा बढी काम गर्ने | १२०० | |
| **७.** | **सूचना तथा संचार सेवा** | | |
| **क** | **पत्र पत्रिका प्रकाशन** | | |
| | क. दैनिक | १२७० | |
| | ख. पाक्षिक | ६७० | |
| | ग. मासिक | ५५० | |
| | घ. त्रैमासिक | ४४० | |
| | ङ. अर्धबार्षिक | ४३० | |
| | च. बार्षिक | ३९५ | |
| ख | टेलिफोन सेवा प्रति टावर (युटिएल, एनसेल, स्मार्टसेल आदि) | १०००० | |
| ग | एफ.एम. रेडियो | १५४० | |
| घ | अन्य टावर एफ.एम. समेतको | २००० | |
| **ङ** | **अन्य सेवा** | | |
| **१** | फोटोकपि | ११५५ | |
